राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Volume 19, Issue 1 No. 121 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Shrawan 2076 (August-2019)

## तीन बर्षभित्रै मुलुकभर एउटै फाइबरबाट फोन, इन्टरनेट र टेलिभिजन सेवा दिइने

एकैपटकमा एउटै लाइनबाट गुणस्तरीय टेलिफोन, तीब्र गतिको इन्टरनेट र टेलिभिजन समेत चलाउन सकिने एफटीटीएच प्रविधिको विस्तारमा नेपाल टेलिकम आक्रामक ढंगले लागेको छ। आगामी तीन वर्षभित्रमा मुलुकभर यो प्रविधिको विस्तार गरी तीनै प्रकारका सेवाहरु प्रदान गर्ने कार्यक्रम बनाएर कम्पनी लागिपरेको हो ।



एफटीटीएच घर, कार्यालय, व्यापारिक, खेलकूद, मनोरञ्जन क्षेत्र, जता पनि सहजै सञ्चालनमा ल्याउन सकिने द्रुत गतिको र हालसम्मकै भरपर्दो अत्याधुनिक सञ्चार प्रविधि हो । यसको विशेषताका रुपमा दिगो, जस्ताको तस्तै आवाज सुन्न सकिने, अत्यधिक गति र अन्य अतिरिक्त आकर्षक सेवाहरुको उपलब्धतालाई मानिएको छ ।

एफटीटीएच प्रविधिले फोरजी अथवा फाइभजी मोबाइल सेवाको गुणस्तर र निरन्तरतामा समेत सहयोग पुऱ्याउन सक्छ। यो सेवालाई मुलुकभर विस्तार गरी ग्राहकहरुको पहुँचमा पुऱ्याउन विशेष योजना बनाएर जुटिरहेको कम्पनीले हालसम्म जम्मा ८८ हजार ५ सय ७६ लाइन वितरण गर्न सकिने पूर्वाधार खडा गरिसकेको छ ।

काठमाडौं उपत्यकामा सुन्धारा, छाउनी, चाबहिल, हात्तिगौंडा, नक्साल, कीर्तिपुर, गोंगबु, नैकाप, बबरमहल, पाटन, ठिमी, गोठाटार, हरिसिद्धी, सैंबु र ठैब एक्सचेञ्जबाट एफटीटीएच प्रविधिको सेवा वितरण भइरहेको छ। यसैगरी पूर्वमा लुक्ला, दमक, विर्तामोडदेखि हेटौडा, चितवन, इटहरी, धनकुटा, विराटनगर, तातोपानीसम्म यो प्रविधिबाट सेवा शुरु भएको छ ।

पश्चिमतर्फ धनगढी, महेन्द्रनगर, घोराही, तुल्सीपुर, सुर्खेत, कोहलपुर, कार्कादो, नेपालगञ्ज, सूर्यपुरा, बर्दघाट, मंगलापुर, पोखरा, पाल्पा, बागलुङ, भैरहवामा पनि एफटीटीएच सेवा सञ्चालनमा आइसकेको छ। यस आर्थिक वर्षमा यो सेवा थप २ लाख १९ हजार वितरण गरिने लक्ष्यका साथ वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय योजनाहरु कार्यान्वयनमा लागेको छ। सो निर्देशनालयले हालै फोन र इन्टरनेटका साथै टेलिभिजन (श्रव्यदृश्य) पनि हेर्न सकिने सुविधा समेत प्रदान गर्नका लागि प्रक्रिया अघि बढाएको छ ।

### धनकुटा र सुर्खेतमा एफटीटीएच

नेपाल टेलिकमले विश्वमै नवीन र अत्याधुनिक सूचना प्रविधिको रुपमा रहेको एफटीटीएच सेवाको शुरुवात धनकुटा र सुर्खेतमा पनि गरेको छ। कम्पनीले गत असार ६ गते धनकुटामा र असार १६ गते सुर्खेतमा सो सेवाको औपचारिक शुभारम्भ गरेको हो ।

धनुकटामा प्रदेश नम्बर १ का मुख्यमन्त्री शेरधन राईले कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीलाई काठमाडौंमा फोन गरेर सेवाको उद्घाटन गर्नुभएको थियो । सो अवसरमा मुख्यमन्त्री राईले प्रदेश नम्बर १ लाई डिजिटल प्रदेश बनाउने प्रतिबद्धता व्यक्त गर्दै ०७६ सालमा प्रदेश १ का सबै स्थानीय निकाय र शहरहरुमा यो सेवा विस्तार गर्ने तयारी भइरहेको र यसमा नेपाल टेलिकमको सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।

धनकुटामा जडान गरिएका दुईवटा एफडिसी (फाइबर डिष्ट्रिव्युसन क्याबिनेट) मार्फत हाल ७ सय ५२ लाइन एफटीटीएच सेवा वितरण गर्न सकिन्छ र यसको क्षमता वृद्धि गरी धनकुटा जिल्लाका सबै क्षेत्रमा सेवा विस्तार गर्न लागिएको छ। (बाँकी २ पेजमा)

## टेलिकमले ठूला र चमत्कारिक परिवर्तनको व्यवस्थापन गरिरहेको छ

पूर्व प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहालले नेपाल टेलिकम प्रविधिको माध्यमबाट मुलुकमा ठूला परिवर्तन ल्याउने, सुविधा वितरण गर्ने र जनताको जीवनमा सहजता प्रदान गर्ने एक ठूलो सार्वजनिक संस्था भएको बताउनु भएको छ। अत्याधुनिक सञ्चार प्रविधि र सेवाहरु मुलुकमा उपलब्ध गराएर कम्पनीले ठूला र चमत्कारिक परिवर्तनको व्यवस्थापन गरिरहेको पनि उहाँले उल्लेख गर्नुभएको छ। दाहालले गत असार २२ गते नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठनको एकता अधिवेशनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उक्त भनाई सार्वजनिक गर्नुभएको हो ।

सो अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले ९२ प्रतिशत सरकारी स्वामित्व भएको तथा निर्णय र कार्यगत प्रणालीका हिसाबले आफ्नै सीमितताका बाबजुद कम्पनीले छोटै समयमा उल्लेखनीय रुपले सेवा विस्तार गर्न सफल भएको बताउनु भयो। उहाँले यसबीचमा मुलुकका दुर्गम र विकट स्थानका वासिन्दादेखि तराईका साना वस्तीहरुमा समेत कम्पनीले ७ सय २० वटा नयाँ टावर स्थापना गरी मोबाइल र इन्टरनेट सेवा विस्तार गरेको र दशैंसम्ममा १२ सय नयाँ बीटीएस मार्फत थप फोरजी एलटीई सेवा वितरण गर्नेगरी द्रुत गतिमा काम भइरहेको उल्लेख गर्नुभयो ।

नीति, नियम तथा नियमावलीका अड्चन र सीमितताका बाबजुद सार्वजनिक संस्थान भएर पनि बहुराष्ट्रिय कम्पनीसँग सहजै प्रतिस्पर्धामा अब्बल ठहरिने योजनासहितका कार्यक्रम कार्यान्वयनमा रहेका जनाउँदै उहाँले कार्यसम्पन्नताका आधारमा कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराइने पनि बताउनु भयो। 'हामी सबल कम्पनी निर्माणका क्रममा छौं', सो अवसरमा उहाँले भन्नुभयो ।

सञ्चालक समितिका सदस्य (कर्मचारी प्रतिनिधि) राज बहादुर रावलले कम्पनीको सञ्चालकमा सञ्चार प्रविधिका विज्ञहरु रहने व्यवस्था भएमा कम्पनीलाई कुदाउने खालका प्रभावकारी निर्णयहरु गर्न सजिलो हुने बताउनु भयो। यस अवधिमा कम्पनीले गरेका कार्यहरुको विवरण प्रस्तुत गर्दै उहाँले भन्नुभयो, '२ वर्षदेखि

(बाँकी २ पेजमा)

## हामी थप ग्राहकमैत्री बनौं



कम्पनीले ठूला र महत्वाकांक्षी मानिएका फोरजी/एलटीई, एफटीटीएच, अप्टिकल फाइबरलगायतका आयोजनाहरु सञ्चालन गरिरहेको र यी आयोजनाको सफल कार्यान्वयनबाट मात्र कम्पनी सफल हुनसक्ने नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले बताउनु भएको छ। क्षेत्रीय निर्देशनालय नेपालगञ्जको भ्रमण गरी आयोजना कार्यान्वयनलगायत विषयमा जानकारी लिंदै उहाँले कम्पनीका गतिविधि र सेवाहरु थप ग्राहकमैत्री बनाउन निर्देशन पनि दिनुभएको छ ।

गत असार १७ गते क्षेत्रीय निर्देशनालय नेपालगञ्जमा आयोजित कार्यक्रममा अधिकारीले मुलुक संघीय संरचनामा रहेको अवस्थामा ग्राहक, जनता, प्रदेश सरकार र अन्य सबै निकायहरुको आशालाई विश्वासमा परिणत गर्नका लागि अझै व्यावसायिक ढंगले काम गर्नुपर्ने आवश्यकता बढेको पनि उल्लेख गर्नुभयो ।

(बाँकी २ पेजमा)

*(१ पेजको बाँकी)*

## तीन बर्षभित्रै मुलुकभर ...

कार्यक्रममा वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक प्रमोदकुमार परमार, धनकुटा नगरपालिकाका मेयर चिन्तन तामाङ, धनकुटाका प्रमुख जिल्ला अधिकारी सीताराम कार्की, नेपाल टेलिकम पूर्वाञ्चल क्षेत्रीय निर्देशनालयका निर्देशक रामप्रसाद उपाध्याय र निमित्त प्रबन्धक रामनरेश कुँवरले पनि आफ्ना भनाइहरु राख्नुभएको थियो ।

यसैगरी दूरसञ्चार कार्यालय सुर्खेतमा आयोजित कार्यक्रममा कर्णाली प्रदेशका संसदीय मामिला तथा कानुन मन्त्री नरेश भण्डारीले एफटीटीएच प्रविधि मार्फत समारोहस्थलमा जोडिएको फोनबाट प्रदेश मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई फोन गरेर सेवाको शुभारम्भ गर्नुभयो ।

सो कार्यक्रममा बोल्नुहुँदै मन्त्री भण्डारीले विज्ञान र प्रविधिको विकासले विश्वलाई एउटा गाउँमा परिणत गरेको र मानव जीवनलाई सहज बनाएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा आफ्ना भनाइ राख्दै नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीका सेवाहरु देशका कुनाकाप्चासम्म पुर्‍याउने क्रममा कर्णाली प्रदेशमा अत्याधुनिक र गुणस्तरीय सञ्चार सेवा विस्तारका लागि महत्वपूर्ण योजनाहरु सञ्चालन गरिरहेको बताउनु भयो ।

५ सय १२ लाइन क्षमताका दुई थान फाइबर डिस्ट्रिव्युसन क्याबिनेट (एफडीसी) जडान गरी कूल १ हजार २४ लाइन नेटवर्क क्षमतामा सञ्चालित सो सेवाको वितरण शुरु भइसकेको छ । सुर्खेतभरी नै यो सेवाको विस्तार तत्काल गर्ने कम्पनीको योजना रहेको छ ।

समारोहमा नेपाल टेलिकम वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक प्रमोदकुमार परमार, प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेल, नेपालगञ्ज क्षेत्रीय निर्देशनालयका निर्देशक प्रकाशमान प्रधान र वीरेन्द्रनगर नगरपालिकाका मेयर देवकुमार सुवेदीले पनि आ-आफ्ना भनाइ राख्नुभएको थियो ।

*(१ पेजको बाँकी)*

## हामी थप ग्राहकमैत्री...

केही महिनामै कर्णालीलगायत मुलुकका सबै स्थानमा फोरजी सेवा उपलब्ध गराउने कम्पनीको योजना रहेकोले यस क्षेत्रका सम्पूर्ण वासिन्दामा कम्पनीका अत्याधुनिक सञ्चार सेवाको पहुँच पुर्‍याउने कार्यमा क्षेत्रीय निर्देशनालय नेपालगञ्जको प्रभावकारी भूमिका रहने बताउनु भयो ।

सो अवसरमा क्षेत्रीय निर्देशनालय नेपालगञ्जका निर्देशक प्रकाशमान प्रधानले उक्त क्षेत्रमा भइरहेका कम्पनीका प्रमुख कार्यहरुका साथै अन्य गतिविधिका बारेमा जानकारी प्रदान गर्नुभएको थियो ।

प्रबन्ध निर्देशक अधिकारीले अघिल्लो दिन असार १६ गते दूरसञ्चार कार्यालय सुर्खेतको पनि निरीक्षण भ्रमण गरी निर्देशनहरु दिनुभएको थियो ।

## आईसीटी सेन्टरमा रमाउँदै विद्यार्थी




उदयपुरको ज्यामिरे झोरस्थित थानपोखरी माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत पूजा चौधरी कम्प्युटरमा अफिस, एक्सेल, पावर प्वाइन्ट, फोटोसप आदि चलाउँछिन् । विद्यालयले छुट्याइदिएको समयमा कम्प्युटर चलाउँदै गर्दा पूजा कम्प्युटरसँग अभ्यस्त भइसकेकी छिन् । विद्यालयमा खाजा खाने बेला र फुर्सदको अन्य समयमा समेत उनी कम्प्युटर चलाउँछिन् ।

नेपाल टेलिकमको पहलमा गत बर्षको साउनमा उक्त विद्यालयमा इन्फर्मेसन एण्ड कम्युनिकेसन टेक्नोलोजी (आईसीटी) सेन्टरको स्थापना गरिएको र ५ सेट कम्प्युटर सहित इन्टरनेट सुविधा प्रदान गरिएको हो । करिब ५ सय विद्यार्थी रहेको सो विद्यालयमा आईसीटी सेन्टर स्थापना पश्चात् विद्यार्थीको भर्ना दर र नियमिततामा समेत वृद्धि भएको विद्यालयका प्रधानाध्यापक चन्द्रनाथ झा बताउनु हुन्छ ।

एक पटकमा ५० जना विद्यार्थीलाई सिकाइने र एकजना विद्यार्थीका लागि करिब १० मिनेट मात्र कम्प्युटर चलाउन दिन सकिने हुँदा सिकाई धेरै प्रभावकारी हुन नसकेको अनुभव कम्प्युटर शिक्षक रामविदुत चौधरीको छ । पर्याप्त संख्यामा कम्प्युटर र इन्टरनेटको गति पनि छिटो भएमा सिकाई पद्धति थप प्रभावकारी र सहज हुने उहाँ बताउनु हुन्छ ।

उदयपुरको चौदन्डी गढी नगरपालिका वडा नम्बर ९ स्थित सो विद्यालयमा ५ र ६ वडाका विद्यार्थी समेत अध्ययनरत छन् । आईसीटी सेन्टर स्थापना पश्चात् विद्यार्थीहरुको पढाई राम्रो भएको र अभिभावकहरु पनि खुशी भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विद्यानन्द चौधरीले बताउनु भयो ।

नेपाल टेलिकमले उदयपुरसहित देशका विभिन्न १७ जिल्लाका एक/एक विद्यालयमा आईसीटी सेन्टर स्थापना गर्न सहयोग गरेको छ । गोरखा, धादिङ, दोलखा, रसुवा, सिन्धुपाल्चोक, ओखलढुंगा, सोलु, भोजपुर, काभ्रे, रामेछाप, नुवाकोट, उदयपुर, रुकुम, जुम्ला, डडेलधुरा, ललितपुर र भक्तपुर जिल्लाका विद्यालयमा यस्ता आईसीटी सेन्टर सञ्चालनमा छन् ।

कम्पनीले प्रत्येक आईसीटी सेन्टरका लागि ५ सेट कम्प्युटर, १ थान थ्री इन वान प्रिन्टर, ५ थान माइक्रोफोन सहितको हेडसेट र ५ थान वेबक्याम उपलब्ध गराएको छ । त्यसैगरी सो प्रयोजनका लागि १ लाइन वाइम्याक्स डाटा कनेक्सन, वाइफाई राउटर र ओडियू सेट समेत प्रदान गर्नुका साथै इन्टरनेट चलाउनका लागि दुई वर्षका लागि मासिक रुपमा ३० जीबी डाटा निःशुल्क उपलब्ध गराएको छ ।

*(१ पेजको बाँकी)*

## टेलिकमले ठूला र चमत्कारिक...

रोकिएको एफटीटीएचको काम सुचारु भएको, सम्झौता बमोजिम काम नगर्ने ठेकेदार कम्पनीलाई कारवाही गर्ने र कालोसूचीमा राख्ने व्यवस्था गरिएको तथा २ वर्षदेखि नै रोकिएर बसेको कम्पनीको विनियमावली निर्माण प्रक्रिया अन्तिम चरणमा पुर्‍याइएको छ ।'

## NTEAN को एकता अधिवेशन सम्पन्न

नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NTEAN) को एकता महाधिवेशन गत असार २२,२३ र २४ गते काठमाडौंमा सम्पन्न भएको छ । महाधिवेशनले यादवप्रसाद पनेरुको अध्यक्षतामा ५५ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित गरेको छ ।

पूर्व प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहालको प्रमुख आतिथ्यतामा सम्पन्न सो महाधिवेशनमा कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र कर्मचारीका तर्फबाट कम्पनी सञ्चालक सदस्य राजबहादुर रावलले अधिवेशन सफलताको शुभकामना दिनुभएको थियो ।

त्यसै गरी पेशागत महासंघ नेपालका वरिष्ठ उपाध्यक्ष प्रेमलकुमार खनाल, नेपाल राष्ट्रिय कर्मचारी महासंघका संयोजक दयाराम बस्याल र महासंघकै सल्लाहकार संयोजक मोहनमान स्वाँर, यूएनआई एसिया प्यासिफिक रिजनल (एप्रो)का डेपुटी सेक्रेटरी राजेन्द्र आचार्य, नेपाल टेलिकम वर्कर्स युनियनका अध्यक्ष राजेन्द्रप्रसाद जोशी तथा नेपाल टेलिकम कर्मचारी युनियनका अध्यक्ष धिरेन्द्रप्रसाद दत्तले महाधिवेशन सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

उक्त अवसरमा तत्कालीन NTEAN महाधिवेशन आयोजक समितिका प्रथम र द्वितीय संयोजक क्रमशः लोकबहादुर कटुवाल र दामोदर केसीले संगठन र व्यवस्थापनले सहकार्य गरी महत्वपूर्ण आयोजनाहरु समयमै सम्पन्न गर्न र कम्पनीलाई सम्वृद्ध बनाउन अघि बढ्नुपर्ने बताउनु भयो । कार्यक्रममा कम्पनीका उच्चपदस्थ पदाधिकारीहरुका साथै कम्पनीका कर्मचारीहरुको उल्लेखनीय सहभागिता रहेको थियो ।

## दृष्टिसम्बन्धी अपांगता भएका विद्यार्थीहरुलाई स्मार्टफोन प्रदान

नेपाल टेलिकमले सुनसरी र सुर्खेतमा दृष्टिसम्बन्धी अपांगता भएका विद्यार्थीहरुलाई अध्ययन कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले एन्ड्रोइड स्मार्टफोन सिमकार्डसहित प्रदान गरेको छ ।




गत असार १३ गते सुनसरीको इटहरीमा र असार १७ गते सुर्खेतको छिन्चुमा आयोजित कार्यक्रममा प्लस टु र स्नातक अध्ययनरत विद्यार्थीहरुलाई सामसुङ ग्यालेक्सी एम २० स्मार्टफोन उपलब्ध गराइएको हो । कम्पनीका तर्फबाट सुर्खेतमा प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र इटहरीमा दूरसञ्चार कार्यालय इटहरीका प्रमुख तथा उप-प्रबन्धक ज्ञानेश दंगालले मोबाइल सेट हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा प्रबन्ध निर्देशक अधिकारीले नेपाल टेलिकमले फरक क्षमता भएका नागरिकहरुलाई उपलब्ध गराएको सेवाले प्रविधिको माध्यमबाट आर्थिक गतिविधिका साथै सहज जीवनयापनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले नेपाल टेलिकम राष्ट्रको सञ्चार भएकाले व्यवसाय मात्र विस्तार नगरी सेवाको भावनाले समेत काम गरिरहेको बताउनु भयो ।

मैत्री समाज नेपालका प्रतिनिधि चन्द्रमणि पोखरेलले कम्पनीले प्रदान गरेको मोबाइल सेटमार्फत दृष्टिविहीन विद्यार्थीलाई स्तरीय आवाजसहितको प्रविधिबाट अध्ययनमा सहयोग पुग्ने बताउँदै यसबाट समाजमा पिछडिएका र फरक क्षमता भएकाहरुले पनि केही गर्न सक्छन् भन्ने विश्वास कायम राख्न सहयोग पुगेको बताउनु भयो ।

# तीन वर्षमा सबै स्थानीय टेलिफोन एफटीटीएचमा रुपान्तरण गरिसक्छौं




**प्रमोदकुमार परमार**

निर्देशक, वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय

कम्पनीमा ३२ वर्ष सेवा गरिसक्नुभएका नायब प्रबन्ध निर्देशक प्रमोदकुमार परमारले क्षेत्रीय निर्देशनालयको एक्सचेञ्ज प्रमुख, नेटवर्क आयोजना कार्यान्वयन विभाग, व्यापार व्यवस्थापन विभाग, सेन्ट्रल नेटवर्क प्लानिङ विभाग, मोबाइल सेवा निर्देशनालय, व्याकबोन ट्रान्समिसन निर्देशनालय, वीरगञ्ज क्षेत्रीय निर्देशनालय, सूचना प्रणाली सहयोगी निर्देशनालय आदिमा जिम्मेवारी निर्वाह गरिसक्नु भएको छ। उहाँले भारतमा मुख्यालय रहेको सार्क मुलुकहरु आबद्ध इन्फोकम भन्ने संस्थाबाट चिफ टेक्निकल अफिसर अवार्ड-२०१६ प्राप्त गर्नुका साथै विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरुमा मोबाइल मनीसम्बन्धी प्रस्तुतिकरण गर्नुभएको छ।

**अत्याधुनिक, प्रशस्त सम्भावना र क्षमता भएको तथा तीब्र गतिको, सस्तो र एउटै केबलबाट धेरै सुविधाहरु प्रदान गर्न सकिने एफटीटीएच प्रविधिबाट ग्राहक सेवा गर्ने अवसर निर्माण गरिरहनु भएको छ। कसरी अघि बढ्दैछ योजना कार्यान्वयन ?**

हाल प्रयोगमा रहेको तामाको तारबाट भ्वाइस, इन्टरनेट र भिडियो प्रयोगमा ल्याउन प्रत्येक सेवाका छुट्टाछुट्टै तारहरु प्रयोग गर्नुपर्दछ। तर एफटीटीएच प्रविधिमार्फत एउटै फाइबरबाट भ्वाइस, इन्टरनेट र भिडियो समेत एकैपटक प्रयोगमा ल्याउन सकिन्छ। अहिले हामीले अभियानकै रुपमा मुलुकभर एफटीटीएच प्रविधिको जडानका काम गरिरहेका छौं। समयावधि निर्धारण गरेर हामीले यो प्रविधिमार्फत देशभर आफ्ना सेवाहरु विस्तार गर्नेछौं। मुलुकभर फाइबर केबलमार्फत दिगो र भरपर्दो सेवा उपलब्ध गराउन कम्पनी लागिपरिरहेको छ। यो सेवा हामीले नाफामुखी भएर नभई सेवाको भावनाबाट गरिरहेका छौं ।

**कम्पनीले एफटीटीएच सेवाको शुरुवात गरेको धेरै वर्ष भएपनि ग्राहकसमक्ष उल्लेखनीय रुपले पहुँच स्थापित गर्न निकै ढिला भएको अनुभव त गर्नु भएको छैन नि ?**

आजभन्दा अघिको सेवा विस्तारको गणना गर्ने हो भने तीब्र गतिमा अघि बढ्न नसकेको अवस्था थियो। तर अहिले हामी समयावधि तोकेरै आक्रामक रुपमा यो सेवा विस्तार गर्ने अभियानमा लागेका छौं। केही महिनाकै अन्तरालमा हामीले जनकपुर, सुर्खेत, धनकुटामा विधिवत रुपमा यो सेवाको शुरुवात गरिसकेका छौं। यसका साथै दमक, इटहरी, नक्साल, कीर्तिपुर, नेपालगञ्ज, बागलुङ, पाल्पालगायत स्थानमा पनि यो सेवाको बजारीकरण तीब्र रुपमा भइरहेको छ।

**वस्तुगत आधारमा लक्ष्य निर्धारण गर्ने र त्यसको कार्यान्वयन गरेरै छाड्ने अठोट सहित लागि पर्न के ले अप्ठेरो पारेको छ ?**

नयाँ प्रविधिमार्फत सेवा विस्तारका लागि सबैभन्दा ठूलो समस्या भनेकै दक्ष जनशक्तिको अभाव हो। हामीसँग तामाको तारवाला टेलिफोन सेवामा अभ्यस्त रहेको ठूलो जनशक्ति विद्यमान छ। लामो समयदेखि तारवाला टेलिफोनमा काम गरेका र उमेरका हिसाबले समेत नयाँ प्रविधि सिकेर कार्यान्वयनमा लैजान त्यति सहज नहुने भएकाले हामी केही समय दक्ष जनशक्तिको व्यवस्थापनमा अल्मलिएका थियौं। तर अब हामीले यसको पनि समाधान निकालिसकेका छौं र समयावधि तोकेरै outsourcing गरी आयोजना सम्पन्न गर्नेछौं।

**कम्पनीलाई ग्राहक सेवा र आर्थिक गतिविधिमा एक नम्बरको संस्थाका रुपमा स्थापित गरिरहन वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयको भूमिका निर्णायक हुनेमा शंका छैन। यो भूमिकालाई कसरी निर्वाह गरिरहनु भएको छ ?**

कम्पनीलाई नम्बर एकको बनाइरहन प्रदत्त सेवाहरु सस्तो, सुलभ, भरपर्दो र गुणस्तरीय हुनुपर्दछ। एफटीटीएच प्रविधि आफैंमा सस्तो, दिगो र गुणस्तरीय सेवा प्रदान गर्नका लागि भित्र्याइएको हो। यो सेवाको विस्तारसँगै हामीले मर्मतसम्भार अत्यन्तै छिटो हुनेगरी दक्ष जनशक्तिको व्यवस्थापन गर्ने योजना बनाएका छौं। अत्याधुनिक दूरसञ्चार सेवाहरु किफायती मूल्यमा भरपर्दो रुपले प्रदान गरेपछि बजारमा हामी स्थापित भइरहने छौं।

सातै प्रदेशमा एफटीटीएच सेवाको विस्तार गर्ने योजना कार्यान्वयन पनि हामीले आरम्भ गरिसकेका छौं। सातैवटा प्रदेशका राजधानी तथा मुख्य शहरहरुमा यो सेवाको शुरुवात गरिसकेका छौं भने बाँकी ठाउँमा सेवा विस्तारको तयारी द्रुत गतिमा भइरहेको छ।

**तारवाला टेलिफोनलाई एफटीटीएच सेवामा कहिलेसम्म रुपान्तरण गरिसक्ने योजना छ ?**

आगामी तीन वर्षभित्रमा हामी मुलुकभरका सबै तामाका तारवाला टेलिफोन लाइनहरुलाई फाइबरमा रुपान्तरण गरिसक्ने छौं। यो हाम्रो उच्च प्राथमिकताको विषय हो। यसका साथै हामीले रुपान्तरित एफटीटीएच फाइबरबाटै सस्तो र तीव्र गतिको इन्टरनेट र टेलिभिजन वा इच्छाए बमोजिमका फिल्म पनि हेर्न सकिने (ट्रिपल प्ले) सेवा पनि प्रदान गर्न लागेका छौं।

आगामी तीन वर्षभित्रमा हामीले नेपालको एक सय बर्षभन्दा बढी इतिहास बोकेको तामाको तारवाला टेलिफोन प्रणालीलाई पूर्णरुपमा फाइबरले विस्थापन गर्ने महत्वाकांक्षी योजना कार्यान्वयन गर्न लागिपरेका छौं।

---

इटहरीमा आयोजित कार्यक्रममा कार्यालय प्रमुख दंगालले मोबाइल सेट र उपलब्ध सञ्चार सुविधाले विद्यार्थीको भविष्य निर्माणमा थप सहयोग हुने आशा व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका वरिष्ठ प्रशासकीय अधिकृत घनश्याम पाण्डेले यो सहयोगले दृष्टिसम्बन्धी अपांगता भएका विद्यार्थीलाई सूचना प्रविधिमैत्री वातावरण र थप योग्यता निर्माण गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

मैत्री समाज नेपालका अध्यक्ष प्रमेन्द्र ढकालले अपांगता भएका व्यक्तिहरुलाई नेपाल टेलिकमले सूचना प्रविधिमार्फत राम्रो अवसरको सिर्जना गरिदिएको बताउँदै सहयोगप्रति आभार प्रकट गर्नुभयो।

'आइसीटी फर द स्टुडेन्ट विथ भिजुअल डिसएबिलिटी' कार्यक्रम मार्फत आर्थिक एवं प्राविधिक रुपमा पछि परेका २० जना दृष्टिविहीन विद्यार्थीलाई मैत्री समाज नेपालको समन्वयमा कम्पनीको सिमकार्ड सहित स्मार्टफोन उपलब्ध गराएर अत्याधुनिक सूचना प्रविधिमा आधारित अध्ययनको अवसर प्रदान गरिएको हो।

विद्यार्थीहरुले कम्पनीले उपलब्ध गराएको सुविधा उपयोग गरी ६ महिनासम्म प्याकेज र १ वर्षसम्म बोनसको सुविधा उपयोग गर्न सक्नेछन्। अपांगता भएका व्यक्तिका लागि कम्पनीले भ्वाइस सेवामा समेत विशेष सुविधा उपलब्ध गराइरहेको छ।

---

## सेवानिवृत्त ना.प्र.नि.हरुको विदाई





जीवनका उर्बर समय नेपाल टेलिकममा व्यतीत गरी सेवानिवृत्त हुनुभएका नायब प्रबन्ध निर्देशकहरुलाई कम्पनीले स्नेहपूर्वक विदाई गरेको छ। गत असार ३ गते केन्द्रीय कार्यालयमा आयोजित विदाई कार्यक्रममा प्रबन्ध निर्देशक, नायब प्रबन्ध निर्देशकहरुलगायत कर्मचारीहरुको उपस्थितिमा सेवानिवृत्त नायब प्रबन्ध निर्देशकहरु सूर्यभक्त पोखरेल र वीरेन्द्रनाथ गोंगललाई सम्मानपूर्वक विदाई गरिएको हो।

सो अवसरमा प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले विदाई कार्यक्रममा उपस्थित पोखरेल र गोंगल शालिन, शान्त र धैर्यवान् स्वभावका र कसैप्रति पनि बिना आग्रह दूरदृष्टि राखी निर्णय गर्ने क्षमताका धनी भएको बनाउनु भयो। कम्पनीको नियम र प्रावधानका कारण उहाँहरुलाई सेवारत राख्न नसकेकोमा भरपर्दा र क्षमतावान् व्यक्तित्वहरुबाट विमुख हुनुपरेको पनि उहाँले उल्लेख गर्नुभयो। उहाँले पोखरेल र गोंगलको सुखमय र स्वस्थ निवृत्त जीवनको लागि शुभकामना व्यक्त गर्नुभयो।

उहाँहरुलाई कम्पनीका प्रबन्ध निर्देशक अधिकारी र मानव संसाधन विभागका प्रबन्धक सुरजसिंह थापाले पुष्पगुच्छा र मालासहित सम्मान गर्नुभएको थियो। समारोहमा प्रबन्ध निर्देशक अधिकारीले दुवैजनालाई मायाको चिनो पनि प्रदान गर्नुभएको थियो।

कार्यक्रममा पोखरेलले अहिले कम्पनीमा अभियानकै रुपमा राम्रा काम र योजनाहरु शुरु भएका र यसलाई सबैले मिलेर पूरा गर्न लाग्नुपर्ने सुझाव दिनुभयो। गोंगलले नेपाल टेलिकमलाई अझ प्रभावकारी र ग्राहकमुखी बनाउन थप मेहनत र व्यवस्थापन गर्न जरुरी भएको बताउनु भयो। कार्यक्रममा नायब प्रबन्ध निर्देशकहरु र अरु थुप्रै कर्मचारीले पुष्पगुच्छा प्रदान गरी स्नेहपूर्वक पोखरेल र गोंगललाई विदाई गर्नुभएको थियो।

पोखरेलले २०५९ साल भदौ ५ गते र गोंगलले २०४५ साउन ३२ गते तत्कालीन नेपाल दुरसञ्चार संस्थानमा सेवा प्रवेश गर्नुभएको थियो। पोखरेल केन्द्रीय कार्यालयमा प्रमुख वित्तीय अधिकृत र गोंगल काठमाडौं क्षेत्रीय निर्देशनालयमा निर्देशकका रुपमा कार्यरत हुनुहुन्थ्यो।

# आकर्षक छुटसहित कम्पनीको समर अफर

नेपाल टेलिकमले गत असार २७ गतेदेखि लागु हुनेगरी ल्याएको समर अफरमार्फत पोष्टपेड मोबाइल र संस्थागत ग्राहकलाई भारी छुटको अवसर प्रदान गरिएको छ । कम्पनीले एफटीटीएच सेवामा पनि आकर्षक छुटको योजना साउन ५ गतेदेखि लागु गरेको छ ।

यस अफर अन्तर्गत पोष्टपेड मोबाइल, संस्थागत ग्राहक र एफटीटीएच सेवामा अत्यधिक छुटमा कुराकानी, इन्टरनेट र सन्देश प्रयोग गर्नसक्ने अवसर प्रदान गरिएको हो । अब पोष्टपेड मोबाइलमा मासिक ५ सय रुपैयाँको प्याकेजमा ३ सय ९० मिनेट कम्पनीका मोबाइल तथा टेलिफोनमा कुरा गर्न सकिने छ ।

सोही रकममै एकसय मिनेटसम्म कम्पनी बाहिरका अन्य राष्ट्रिय सेवा प्रदायक कम्पनीका मोबाइलमा पनि कुरा गर्न सकिने छ । यही छुटमा एक महिनासम्म ५ सय एमबी डाटा प्रयोग गर्न पाउनुको साथै १ सयवटा सन्देश समेत पठाउन सकिन्छ ।

त्यस्तै पोष्टपेड मोबाइल प्रयोगकर्ताले मासिक ८ सय रुपैयाँको छुट योजनामा सामेल भई ६ सय ५० मिनेट कम्पनीकै मोबाइल तथा फोनमा कुरा गर्न सक्नेछन् भने १ सय मिनेट अन्य राष्ट्रिय कम्पनीका मोबाइलमा कुरा गर्न पाइने छ । यसमा १ जिबी बराबरको इन्टरनेट प्रयोगमा ल्याउन र २ सयवटा सन्देश पठाउन सकिन्छ ।

यसैगरी १२ सय रुपैयाँको मासिक छुटमा सामेल हुँदा १ हजार मिनेट कम्पनीका मोबाइल वा टेलिफोनमा र १ सय ५० मिनेट कम्पनी बाहिरका अन्य राष्ट्रिय कम्पनीका मोबाइल तथा फोनमा कुराकानी गर्न पाइन्छ । यसमा २ जिबी ५ सय एमबी डाटा प्रयोग गर्नुका साथै ३ सयवटा सन्देश आदानप्रदान गर्न सकिने छ ।

यसैगरी संस्थागत ग्राहक समूह (Corporate User Group–CUG) छुट योजनामा पनि भारी छुटको व्यवस्था गरिएको छ । यस समूहमा आबद्ध हुने ग्राहकले समूहभित्र असीमित कुराकानी गर्न पाउने सुविधा छ । मासिक २ सय रुपैयाँको सेवा लिने प्रिपेड मोबाइल प्रयोगकर्ताले १ सय मिनेट CUG समूह बाहिरका टेलिकमकै मोबाइल तथा टेलिफोनमा कुरा गर्न सक्नेछन् । यसअघि ६५ मिनेटको मात्र कुराकानीको सुविधा थियो । यसपटक कम्पनीले २ सय रुपैयाँबाटै कम्पनी बाहिरका अन्य राष्ट्रिय कम्पनीका मोबाइलमा पनि १० मिनेट कुरा गर्न सकिने सुविधा थप गरेको छ । यही सेवामा मासिक १ सय ४० एमबी इन्टरनेट चलाउन र ५० वटा सन्देश पनि पठाउन सकिन्छ ।

त्यस्तै प्रिपेड र पोष्टपेड दुवै मोबाइलमा ४ सय रुपैयाँको संस्थागत प्याकेज लिंदा समूह बाहिरका कम्पनीकै मोबाइल वा टेलिफोनमा २ सय ३० मिनेट कुराकानी, ३ सय एमबिको इन्टरनेट र १ सय वटा सन्देश न्यूनतम शुल्कमै प्रयोगमा ल्याउन सकिन्छ । २० मिनेट कम्पनी बाहिरका अन्य राष्ट्रिय कम्पनीका मोबाइलमा कुरा गर्न पनि सकिने छ ।

त्यस्तै ७ सय रुपैयाँको संस्थागत प्याकेज लिएमा कम्पनीकै समूह बाहिरका फोन तथा मोबाइलमा ३ सय ७० मिनेट कुराकानी, ८ सय एमबि इन्टरनेट र सयवटा सन्देश तथा कम्पनी बाहिरका अन्य राष्ट्रिय कम्पनीका मोबाइलमा ३० मिनेट कुरा गर्न पाइने सुविधा उपलब्ध छ । १ हजार रुपैयाँमा ५ सय ५० मिनेट कुराकानी, १ हजार एमबी डाटा तथा डेढसय वटा सन्देश पठाउन र कम्पनी बाहिरका अन्य राष्ट्रिय कम्पनीका मोबाइलमा ४० मिनेट कुरा गर्न सकिन्छ ।

यसैगरी १३ सयको संस्थागत प्याकेजमा समूह बाहिरका कम्पनीकै अन्य फोनमा ६ सय मिनेट कुराकानी, २१ सय एमबी डाटा र २ सयवटा सन्देश तथा अन्य राष्ट्रिय कम्पनीका मोबाइल वा फोनमा ५० मिनेट कुरा गर्न पाइने सुविधा उपलब्ध छ । १६ सय रुपैयाँको संस्थागत प्याकेजमा ७ सय ५० मिनेट समूहमा आबद्ध नभएका कम्पनीकै अरु फोनमा कुराकानी, २७ सय एमबी डाटा र अढाईसय सन्देशको सुविधा र कम्पनी बाहिरका अन्य राष्ट्रिय कम्पनीका फोनमा ५० मिनेट कुरा गर्न पाइने छ । उपरोक्त सबै संस्थागत प्याकेजहरुमा आफ्नो समूहभित्र असीमित कुराकानी गर्ने सुविधा सो सेवाका ग्राहकहरुलाई उपलब्ध हुनेछ ।

यसैगरी कम्पनीको भ्वाइस सेवा सहितको उच्च गतिको एफटीटीएच इन्टरनेट सेवामा नयाँ कम्बो प्याकेज ल्याइएको छ । यी प्याकेजहरु १५ एमबिपिएस, २५ एमबिपिएस, ४० एमबिपिएस र ६० एमबिपिएसमा उपलब्ध छन् । १५ एमबिपिएसको एक महिनाको १ हजार २ सय रुपैयाँ, ३ महिनाको ३ हजार ४ सय रुपैयाँ, ६ महिनाको ६ हजार ४ सय रुपैयाँ र एक वर्षको १२ हजार ३ सय रुपैयाँमा प्राप्त गर्न सकिने छ ।

त्यसैगरी २५ एमबिपिएसको १ महिनाको १ हजार ९ सय, ३ महिनाको ५ हजार ४ सय ५०, ६ महिनाको ९ हजार ७ सय र एक वर्षको १७ हजार २ सय रुपैयाँमै उपलब्ध गराइएको छ । ४० एमबिपिएसको प्याकेजका लागि मासिक, त्रैमासिक, अर्ध वार्षिक र वार्षिक शुल्क क्रमश: २ हजार २ सय ५०, ६ हजार ४ सय ५०, १० हजार ७ सय र १९ हजार रुपैयाँ मात्र पर्दछ । यता ६० एमबिपिएसको सोही प्याकेजको मूल्य क्रमश २ हजार ४ सय ५०, ७ हजार ५०, ११ हजार ८ सय र २१ हजार ४ सय रुपैयाँ रहेको छ ।

यी सबै प्याकेजमा उल्लेखित इन्टरनेट व्याण्डविथको अलावा १ महिना, ३ महिना, ६ महिना र वर्षको लागि क्रमश २ सय ५० मिनेट, ७ सय ५० मिनेट, १५ सय मिनेट र ३ हजार मिनेट भ्वाइस टेलिफोन सेवा पनि निशुल्क उपलब्ध गराइएको छ ।

एफटीटीएच सेवामा विगतको स्पिड अफर अन्तर्गत प्रदान गरिएका ८ एमबिपिएस, १८ एमबिपिएस, ३५ एमबिपिएस र ५५ एमबिपिएसका उपलब्ध प्याकेजहरु यथावत कायम गरिएको छ ।

उल्लिखित छुटहरु ९० दिनसम्मका लागि लागु गरिएको छ साथै यसअघि स्पिड अफर अन्तर्गत प्रदान गरिएका अन्य छुटहरुलाई निरन्तरता दिइएको छ ।

विभिन्न अफर प्राप्त गर्नका लागि ग्राहकले *1415# मा डायल गर्नु पर्नेछ । कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी हासिल गर्न सकिन्छ ।

## बढेको छैन इन्टरनेटको शुल्क

नेपाल सरकारले इन्टरनेट सेवामा १३ प्रतिशत दूरसञ्चार सेवा शुल्क लगाउने निर्णय गरिसकेको भएपनि टेलिकमले ग्राहकको सुविधा र सहजतालाई ध्यानमा राखी कम्पनीद्वारा प्रदत्त इन्टरनेट सेवाको महशुल दरमा वृद्धि गरेको छैन ।

## सस्तो भयो टेलिफोन र मोबाइल

### रु. ९४५ मा पोष्टपेड र रु. १,६३५ मा स्थानीय टेलिफोन

आर्थिक विधेयक, २०७६ को दफा १४(१) मा व्यवस्था भए बमोजिम टेलिफोन जडान गर्ने ग्राहकबाट स्वामित्व शुल्क वापत ५ सय रुपैयाँ मात्र लिने व्यवस्था भएपछि नेपाल टेलिकमले उपलब्ध गराउदै आएको स्थानीय टेलिफोन (PSTN) तथा पोष्टपेड मोबाइल कम दरमा उपलब्ध भएको छ । जस अनुसार रु. १६ सय ३५ मा स्थानीय टेलिफोन र रु. ९ सय ४५ मा पोष्टपेड मोबाइल लिन सकिने छ । यसअघि स्थानीय टेलिफोन लिन रु. २ हजार २ सय र पोष्टपेड मोबाइल लिन रु. १ हजार ५ सय १० भुक्तानी गर्नुपर्थ्यो ।

सो विधेयकको कार्यान्वयनसँगै स्थानीय टेलिफोनको नामसारीमा लाग्ने शुल्कमा समेत रु. ५ सय ६५ कम भएको छ । यसअघि टेलिफोन नामसारी गर्दा रु. १ हजार २ सय ४३ शुल्क बुझाउनु पर्थ्यो भने अब जम्मा रु. ६ सय ७८ मात्र भुक्तानी गर्नुपर्छ । यो परिमार्जित शुल्क २०७६ साउन १ देखि लागु भएको छ ।

# ज्येष्ठ नागरिकलाई भोजन

नेपाल टेलिकमले कीर्तिपुर नगरपालिकाको पाँगास्थत ज्येष्ठ नागरिक सेवा केन्द्रका ज्येष्ठ नागरिकलाई भोजन ग्रहण गराएको छ । गत असार २९ गते उक्त केन्द्रमा आयोजित कार्यक्रममा कम्पनीका प्रबन्धकद्वय राजेन्द्र श्रेष्ठ र रीना डंगोलले संयुक्त रुपमा सेवा केन्द्रका उपाध्यक्ष सतुराम महर्जनलाई भोजनका साथै अन्य सामाजिक कार्यका लागि आर्थिक सहयोग हस्तान्तरण गर्नुभएको थियो ।




कार्यक्रममा प्रबन्धक श्रेष्ठले ज्येष्ठ नागरिकको सुस्वास्थ्यको कामना गर्दै कम्पनीका तर्फबाट सहयोग गर्न पाउँदा खुशी महशुस भएको बताउनु भयो । त्यसैगरी प्रबन्धक रीना डंगोलले ज्येष्ठ नागरिकको दीर्घजीवनको कामना गर्दै यो सहयोग उहाँहरुको हितमा सदुपयोग हुने विश्वास व्यक्त गर्नुभयो ।

सेवा केन्द्रका उपाध्यक्ष महर्जनले भविष्यमा सामाजिक कार्यका लागि सहकार्यको अपेक्षा गर्दै सहयोगका लागि कृतज्ञता ज्ञापन गर्नुभयो ।

केन्द्रमा करिब ९० जना ज्येष्ठ नागरिक बिहान ११ बजेदेखि बेलुका ५ बजेसम्म बसी भजनकीर्तन तथा योगाका कार्यक्रममा सहभागी हुने कुरा महर्जनले बताउनु भयो । कम्पनीको संस्थागत समाजिक उत्तरदायित्व अन्तर्गत सो कार्यक्रम गरिएको हो ।


सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।
Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Krishna Prasad Bhandari**
Editor : **Umesh Dahal,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**




Final